विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड-१९को कारणले पारेका प्रभावहरु न्यूनीकरण एवं पुनरुत्थानका सम्बन्धमा मिति २०७७/१०/२९ मा भएका निर्णयले समेट्न नसकेका विषयहरु र कोभिड-१९ (पहिलो र दोश्रो लहर)का कारण भएको लकडाउन तथा निषेधाज्ञा लागू भई विद्युत आयोजनाहरुमा पारेको असर न्यूनीकरण र पुनरुत्थानको लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७८।०३।०८ को निर्णयानुसार देहाय बमोजिमाका निर्णय भएको व्यहोरा अनुरोध छ ।

क. <u>विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाको सर्वेक्षण अनुमतिपत्र नवीकरणको सम्बन्धमाः</u>

विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाको सर्वेक्षण अनुमतिपत्रको म्याद मिति २०७६।१२।१० पछि सम्म बहाल रहेकोमा अनुमतिपत्र बहाल अबधिभित्रै अनुमतिपत्र नवीकरणको लागि नविकरण दस्तुर सहित दरखास्त दिन नसकेका प्रबर्द्धकहरुले अनुमतिपत्र नविकरणको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंले मिति २०७८।०३।०७ गते निषेधाज्ञा आशिंक फुकुवा गरेकोले मिति २०७८ असार मसान्त भित्र नविकरण दस्तुर तथा नपुग दस्तुर सहित विद्युत विकास विभाग समक्ष दरखास्त पेश गरेमा पाँच वर्षमा ननाघ्ने गरी सर्वेक्षण अनुमतिपत्र नविकरण गर्ने ।

ख. <u>विद्युत उत्पादन तथा प्रसारण तथा वितरण आयोजनाको सर्वेक्षण अनुमतिपत्रको बहाल अवधिमा विद्युत उत्पादन, प्रसारण र वितरण अनुमतिपत्रको लागि अनुमतिपत्र दस्तुर सहित दरखास्त दिन नसकेका आयोजनाको सम्बन्धमाः</u>

विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाको सर्वेक्षण अनुमतिपत्रको म्याद मिति २०७६।१२।१० पछि सम्म बहाल रही अनुमतिपत्र बहाल अबधिभित्रै उत्पादन तथा निर्माण अनुमतिपत्रको लागि अनुमतिपत्र दस्तुर सहित समयमा दरखास्त दिन नसकेका प्रबर्द्धकहरुले विद्युत उत्पादनको अनुमतिपत्र तथा प्रसारण अनुमतिपत्रको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंले मिति २०७८।०३।०७ गते निषेधाज्ञा आशिंक फुकुवा गरेकोले मिति २०७८ असार मसान्त भित्र अनुमतिपत्र दस्तुर तथा नपुग दस्तुर सहित विद्युत विकास विभाग समक्ष दरखास्त पेश गरेमा विद्युत उत्पादन, प्रसारण, वितरणको अनुमतिपत्र जारी गर्ने प्रकृया अघि बढाइने ।

ग. मिति २०७७।१०।२९ को मन्त्रिस्तरीय निर्णयमा "निर्माणाधीन आयोजना" भन्नाले मिति २०७६।१२।११ गते अगाडी नै आयोजनाको वित्तीय व्यवस्थापन र विद्युत खरिद विक्री सम्बन्धी सम्झौता सम्पन्न भएको आयोजनालाई बुझ्नु पर्दछ।